फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रमुख प्रशासकीय अधिकृतको सचिवालय)

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लवाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

प.सं. २०७५।०७६
च.नं.-१०२३

मिति:-२०७६।०१।१२

**विषयः कार्यपालिकाको उन्नाइसौं बैठकको निर्णयको जानकारी गराइएको बारे ।**

श्री .... नं. वडा कार्यालय
फेदाप गाउँपालिका ।

प्रस्तुत विषयमा "फेदाप गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १३(२)" को अधिनमा रही यस फेदाप गाउँकार्यपालिकाको मिति २०७६।०१।१० गते मंगलबार बसेको बैठक संख्या १९।२०७५-०७६ को प्रमाणित निर्णयको प्रतिलिपी थान – १ यसै साथ संलग्न राखी जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

१।१२

सुमन लिङ्देन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः**
श्री सूचना तथा प्रविधि शाखा,
फेदाप गाउँपालिका (कार्यालयको वेवसाइट तथा फेसवुक पेजमा अपलोड गरिदिनुहुन)

fedap.ruralmun@gmail.com | http://www.facebook.com/fedap.rural.municipality | http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लवाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००

उपाध्यक्षः-९८५२०८०७००

प्र.प्र.अ:- ९८५२०८०६००


यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोँङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १० जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या –१९।२०७५-०७६) मिति २०७६।०१।१० गते मंगलबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

प्रमुख प्रशासकीय अधिकृत

**निम्नः**

**१. खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ संबन्धमा**

यस गाउँपालिकाको चालु आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बिधेयक समितिले तर्जुमा गरी पेश गरेको "खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" उपर ब्यापक छलफल गरी सर्बसम्मतिले पारित गर्ने ।

**२. जस्तापाताको गुणस्तर छनोट संबन्धमा**

खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६ को भाग – ४ को बुंदा ७ बमोजिम यस कार्यक्रम कार्यान्वयन गर्ने संबन्धमा गाउँ कार्यपालिकाको मिति २०७५।०५।२९ गतेको बैठकको निर्णय नं. १ को बुंदा नं. २ बमोजिम यस गाउँपालिकामा उपलब्ध नहुने निर्माण सामाग्रीको हकमा मोरङ जिल्ला र तेह्रथुम जिल्लाको दररेट लाई नै यस स्थानीय तहको दररेटको लागि आधार मानी ढुवानी भाडा जोडी मुल्य कायम गर्ने निर्णय भए बमोजिम २६ गेजको हेभी क्वालिटिको ०.४१ mm को रातोकलरमा ६ फिट र ७ फिटको आधा-आधा संख्यामा जस्तापाता खरिद गर्ने ।

**३. खरिद प्रकृया अगाडी बढाउने संबन्धमा**

खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६ को भाग ४ को बुंदा ६ बमोजिम खरिद प्रकृया अगाडी बढाउने साथै बुंदा नं. ७ बमोजिम प्राविधिक शाखाले आवश्यक कागजात तयार गर्ने ।

**४. तमोर लिफ्टिङ सिंचाई आयोजना सन्दर्भमा**

यस गाउँपालिकाको जलजले र सिम्लेमा तमोर/खोरुङ्गा नदीबाट लिफ्टिङ सिंचाइ आयोजना संचालन गरी जिविकोपार्जनमा सहजता अपनाउन, आर्थिक स्तर उकास्न प्रदेश सरकार समक्ष योजना माग गर्ने ।